# नीति तथा कार्यक्रम
# आ.व. २०८३/०८४

**सम्पूर्ण सभा सदस्यज्यूहरु,**

अब म घ्याङलेख गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को नीति र कार्यक्रम यस गाउँ सभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

घ्याङलेख गाउँपालिकाको दीर्घकालिन सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अबलम्बन गरिनेछन्।

**(क) सामाजिक विकास क्षेत्र**

**स्वास्थ्य तथा पोषण**

१. आधारभूत स्वास्थ्य सेवालाई गाउँपालिकाबासीको मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकास्तरीय स्वास्थ्य नीति निर्माण गरि कार्यान्वयन गरिनेछ ।

२. नेपाल सरकारको आ.व. २०८७/०८८ सम्म सबै स्थानीय तहहरुलाई पोषणमैत्री स्थानीय शासन घोषणा गर्ने लक्ष्य अनुसार यस गाउँपालिकामा पनि आवश्यक कार्यक्रम तर्जुमा गरी अगाडी बढाइने छ।

३. उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई स्रोत, साधन र सेवाको मूल्यांकनको आधारमा पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ।

४. आर्थिक रुपमा विपन्न तथा जेष्ठ नागरिकहरुको स्वास्थ्य उपचारका लागी संचालित स्वास्थ्य विमा कार्यक्रमलाई विस्तार गरी स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ।

५. गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईहरुको भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गर्दै औषधी लगायत स्वास्थ्य तथा सुरक्षा सामाग्रीहरुको पर्याप्त व्यवस्था गरी स्वास्थ्य सेवालाई सुदृढ गरी बस्ती स्तरमा निःशुल्क स्वास्थ्य जाँच तथा औषधी वितरणको व्यवस्था मिलाईने छ।

६. **"स्वस्थ जीवन स्वच्छ आहार, हरेकबार खाना चार"** को अभियान मार्फत पोषण सचेतना अभिबृद्धि कार्यक्रमलाई सबै वडाहरुमा संचालन र विस्तार गरिनेछ।

७. विभिन्न अस्पताल तथा स्वास्थ्यसँग सम्बन्धित संघ संस्थासँग समन्वय गरि स्वास्थ्य सेवालाई सुदृढिकरण गरिनेछ।

८. विद्यालय दिवा खाजामा जंगफुड निषेधित गरी स्थानीय कृषि उपजहरुको प्रयोगलाई अनिवार्य गरिने छ।

९. आयुर्वेद चिकित्साको लागि गाउँपालिका भित्र रहेको नागरिक आरोग्य केन्द्रलाई थप सुदृढिकरण गरिनेछ।

१०. सुनौलो हजार दिनको अवधारणा अनुरुप गर्भवती तथा सुत्केरी आमाहरुको पोषणको अवस्था सुधार ल्याउन नेपाल सरकारले विनियोजन गरेको बहुक्षेत्रीय पोषण कार्यक्रमको आधारमा गाउँपालिकाबाट समेत थप बजेट विनियोजन गरी कार्यक्रमलाई प्रभावकारी बनाई संचालन गरिनेछ।

११. त्रैमासिक रुपमा एक पटक पालिका भित्र विभिन्न स्वास्थ्य संस्थाहरुसंगको सहकार्यमा विशेषज्ञ चिकित्सक सहितको एकीकृत घुम्ती शिविर संचालन गरिने कार्यक्रमको निरन्तरता दिईने छ ।

१२. आ.व.०८३/०८४ मा वस्तीपुरमा रहेको स्वास्थ्य चौकि भवन निर्माण कार्यलाई अगाडि बढाईने छ साथै अमले स्वास्थ्यचौकी भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गरि निर्माण कार्य गरिनेछ ।

१३. वस्तीपुर स्वास्थ्य चौकीमा ५ वेड सहितको २४ सै घण्टा उपचार सेवा प्रदान गर्ने गरी विशेष व्यवस्था मिलाइनेछ।

१४. पालिका भित्र रहेको ल्यावलाई स्तरोन्नती सँगै जनशक्ति व्यवस्थापन गरी डिजिटल एक्सरे मेशिन संचालनमा ल्याइनेछ।

१५. जटिल प्रकृतिका स्वास्थ्य समस्या भई बाहिर उपचारका लागि लैजानुपर्ने बिरामीको हकमा गाउँपालिकाले सम्बन्धित निकायहरुमा सहजीकरण गरिनेछ।

१६. स्वास्थ्य संस्थामा रहेका बर्थिङ सेन्टरहरुको भौतिक तथा जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाईने छ।

**शिक्षा, भाषा, कला तथा साहित्य**

१७.स्थानीय भाषा, कला,ललितकलाको संरक्षणको लागि तथ्याङ्क संकलन इतिहासलाई केन्द्र विन्दुमा राखी स्थानीय संस्कृति सम्बर्द्धनका कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरिनेछ। जसका लागि कला तथा संङ्गीत प्रशिक्षकको बिस्तार र बिकासमा थप जोड दिईनेछ ।

१८.गाउँपालिका भित्र साहित्य उत्थानको लागि साहित्यकारहरुको पहिचान गरी प्रोत्साहन गरिनेछ । यसको लागि गाउँपालिकास्तरीय साहित्यिक गतिविधि संचालनमा ल्याइनेछ। कला संग्राहलयको रुपमा पूर्वधार तयार गरिनेछ।

१९."**घ्याङलेखको चिनारी स्थानीय पाठ्यक्रम**" को आधारमा कक्षागत पाठ्यपुस्तक निर्माण गरी स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिनेछ । बहुभाषिक शिक्षा नीति अन्तर्गत कक्षा १-३ सम्म तामाङ भाषाको पुस्तक छपाई, कार्यान्वयन तथा शिक्षकहरुको लागि क्षमता विकास तालिम संचालन गरिने छ ।

२०.सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा सुधार गर्ने नीतिलाई निरन्तरता दिँदै शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र अभिभावकको क्षमता अभिवृद्धि गरिनेछ ।

२१.बाल विकास केन्द्रका सहजकर्ता, सहायक कर्मचारी र विद्यालय सहयोगीलाई नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिक पुग्ने गरी निरन्तरता दिईनेछ ।

२२.गरीब, जेहेन्दार, दलित, पिछडिएका वर्ग, अपाङ्ग आदिलाई छात्रवृत्ति प्रदान कार्य छात्रवृत्ति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि अनुरुप शैक्षिक सत्रको अन्यमा लागत संकलन र विस्तार गरिदै लगिनेछ ।

२३.वैकल्पिक सिकाई अवस्थाको सिर्जनाका विद्यालय सुधार योजना र पालिका स्तरीय सुत्केरी विदामा जनशक्ति व्यवस्थापन गरिदै लगिनेछ। पठनपाठनमा बढीभन्दा बढी प्रविधिको प्रयोग र NCD Virtual कक्षालाइ विकल्पको रुपमा प्रचारप्रसार नियमन गरिनेछ ।

२४. दिवा खाजा कार्यक्रम, छात्राहरुलाई सेनेटरी प्याड, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, सिकाइ सामाग्रीको प्रयोग जस्ता शैक्षिक समता विकास कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा निरन्तरता दिईनेछ। भने प्राविधिक धार तर्फको विद्यार्थीको ऐच्छिक विषयको पाठ्यपुस्तक निशुल्क उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

२५. विद्यार्थीको प्रतिभा विकासका वडास्तरमा वडास्तरीय पालिकामा पालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ । यसका लागि सामुदायिक सिकाइ केन्द्रको सहयोग लिइनेछ ।

२६. "**घ्याङ्लेखको छहारी ! शिक्षित छोरी, बुहारी !!**" कार्यक्रमलाई निरन्तरता दिई स्नातक तह र स्नातकोत्तर तह अध्ययनरत पालिका भित्रका छोरी बुहारीलाई प्रोत्साहन गरिने कार्यलाई निरन्तरता दिईने छ ।

२७. आधारभूत विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना अभियानलाई निरन्तरता र अनिवार्य बनाइनेछ । त्यसको लागि दिगोपनाका कार्यक्रममा लगानी गरिनेछ ।

२८. किशोर-किशोरी शिक्षा तथा जीवन उपयोगी सीप विकासको माध्यमले विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मुलधारमा ल्याउन अनौपचारिक शिक्षा कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

२९. विद्यार्थी संख्या र भौगोलिक दुरी समेत अध्ययन गरी शिक्षक विद्यार्थी अनुपात कम भएका, बढी आर्थिक बोझ भएका विद्यालयहरुलाई गाभ्ने (Merge) र आबासमा राख्ने कार्यलाई निरन्तरता दिईने छ ।

३०. अनिवार्य तथा निशुल्क शिक्षाको दिगोपनाका लागि कक्षा १ देखि १० सम्मको त्रैमासिक परीक्षा निशुल्क र कक्षा ५ र ८ को पालिका स्तरीय परीक्षा व्यवस्थित गरिदैं लगिने छ ।

३१. विद्यालय बाहिर रहेका कक्षा छाड्ने, कक्षा दोहोर्‍याउने दर घटाउन कार्यक्रम संचालन गरिनेछ।

३२.पालिका भित्र नमूना विद्यालय सुधार कार्यविधि लाइ कार्यान्वयन गरिनेछ। यसलाइ प्रोत्साहन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

३३.घ्याङलेख गाउँपालिका अर्न्तगतका सबै सामुदायिक विद्यालयहरुको उत्कृष्ट वि.व्य.स., प्रधानाध्यापक, विषयगत शिक्षकहरुलाई पुरष्कृत गरिने छ ।

३४.शिक्षक विद्यार्थी अनुपात मिलान गर्न तिनै तहको सरकारी अनुदान वितरण प्रणाली न्यायोचित गर्दै लगिनेछ ।

३५.प्रधानाध्यापकको कार्यगत मनोवृत्तिलाई उच्च राख्न नियमित प्र. अ. बैठक तथा थप प्रोत्साहन कार्यलाई निरन्तरता दिईनेछ ।

३६.अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन गराउने विद्यालयलाई थप अनुदान एवं अन्य सहयोगका क्षेत्र पहिचान गरी सहजीकरण गरिनेछ ।

३७.शिक्षकहरुको क्षमता बढाई गुणस्तरमा सुधार गर्न बहुपक्षिय तालिमलाई निरन्तरता दिईनेछ।

३८.सामुदायिक सिकाई केन्द्रहरुको नवीकरण तथा व्यवस्थापन गरिनेछ । कार्ययोजनामा पालिकास्तरीय सिकाइ केन्द्रको सामुहिक कार्यक्रमको सुरुवात गरिनेछ।

३९.प्राविधिक शिक्षा (कृषि) को पठनपाठन सुरु भई विद्यार्थीहरुको प्राविधिक शिक्षा प्रतिको आकर्षण बढाउन थप कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।

४०.Green and Clean र Paper less office को अवधारणालाई मुर्त रुप दिईनेछ ।

४१.अभिभावक शिक्षालाई विस्तार गरिदै लगिनेछ।

४२.शैक्षिक पात्रो बमोजिम विद्यालयहरु बिच आन्तरिक सकारात्मक प्रतिस्पर्धाका लागि मुकर्रर, विद्यालयगत वेवसाइटमा हरेक शुक्रबार Book Free day को रुपमा आन्तरिक मूल्याङ्कन दिवसको रुपमा विद्यार्थीको Soft Skill मूल्याङ्कन, सञ्जालिकरणलाई जोड्दै विद्यालय भित्र र वाहिरको गतिविधिको अभिलेखिकरण गर्दै लगिनेछ ।

४३. सिकाई उपलब्धी विश्लेषणलाइ जोड दिइनेछ ।

४४. शैक्षिक भ्रमण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

४५. शैक्षिक नक्साङ्कनका आधारमा कक्षा ६-८ सम्मका विपन्न बालबालिकाहरुका लागि दिवा खाजा वा नियमित बचत कार्यक्रम संचालन गरी विध्यालय छोड्ने दर न्यूनीकरण गर्ने कार्यको प्रारम्भ गरिने छ ।

४६. विद्यालयको भौतिक र शैक्षिक विकासमा भूतपूर्व विद्यार्थीहरुको योगदान सुनिश्चित गर्न "**पचास प्रतिशत साझेदारी कार्यक्रम**" संचालन गरिने छ ।

## खानेपानी, सरसफाई र स्वच्छता

४७. खानेपानी मुहान दर्ता कार्यलाई निरन्तरता दिईनेछ।

४८. दिगो विकासको लक्ष्य नं. ६ अन्तर्गत "एक घर एक धारा" को नीति अनुसार प्रत्येक वडामा सबै घरपरिवारलाई सुरक्षित खानेपानी सेवा उपलब्ध गराउन पहल गरिने छ।

४९. खानेपानी योजनाको दिगो व्यवस्थापनका लागि प्राविधिक तथा वित्तीय सहयोगसहित मर्मत संभारको व्यवस्था गरिनेछ ।

५०. घ्याङलेख गाउँपालिकालाई आ.व. २०८६।०८७ सम्म पूर्ण सरसफाई घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ । पूर्ण सरसफाई घोषणा निर्देशिका २०७० र संशोधन अनुसार सात सूचकहरु (खुल्ला दिशामुक्त अवस्था, सफासुग्घर शौचालय प्रयोगको सुनिश्चितता, सफा पानीको पहुँच र प्रयोग, साबुन पानीले नियमित हात धुने अभ्यास, फोहरमैला व्यवस्थापन, फोहोर पानीको सुरक्षित व्यवस्थापन, व्यक्तिगत र वातावरणीय सरसफाई) रहेका छन्।

५१. पालिकाको मुख्य चोक तथा सार्वजनिक स्थानमा सार्वजनिक शौचालय निर्माण गरिदै लगिनेछ ।

५२. फोहरलाई उचित स्थान (land field Side) पहिचान गरी व्यवस्थापन गर्ने कार्यको लागि पहल गरिनेछ ।

## सामाजिक सुरक्षा/समाबेशिकरण/गरिबी निवारण

५३. लक्षित वर्ग (सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य व्यक्तिहरु) को सम्बन्धित वडा कार्यालय/पायक पर्ने स्थानमा गएर बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५४. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास र लैंगिक हिंसाका घटनाहरु न्यूनीकरणका लागि टोल विकास संस्था, सामाजिक संघ संस्था मार्फत कार्यक्रम संचालन गरिनेछ।

५५. लक्षित समूहलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराई क्षमता तथा आर्थिक विकास गर्दै सशक्तीकरणमा जोड दिइनेछ।

५६. उत्पीडित, दलित र सीमान्तकृत वर्ग समुदायलाई विकासको मूलधारमा ल्याउन उपयुक्त कार्यक्रम तर्जुमा गरिनेछ।

५७. लैंगिक विभेदमा परेका र पारिएका वर्गको उत्थानको लागि भाषिक, साँस्कृतिक, आर्थिक, सामाजिक समुन्नतिका लागी विशेष प्राथमिकता दिईनेछ।

५८. सबै वर्गहरुलाई समेट्दै  लैंगिक उत्तरदायी बजेट बनाईनेछ।

५९. सहकारी तथा गरिबी निवारण मन्त्रालय वागमती प्रदेश सरकारबाट यस आ.व. देखि संचालन भएको गरिवी निवारणका लागि चेपाङ, दलित र बञ्चितीकरणमा परेका समुदायको आयआर्जन कार्यक्रम मार्फत सवै वडाहरुमा उक्त समुदायको पहिचान गरी प्रभावकारी रुपमा कार्यक्रम संचालन गरिने छ ।

६०. बाल विवाह, सामाजिक कुरीति तथा विभेदलाई न्युनीकरण गर्न विद्यालय स्तर र वडा स्तरबाट नै सचेतनामुलक कार्यक्रम गरिने छ।

६१. सबै वडामा बाल क्लब, बाल अधिकार समिति गठन तथा सबलीकरण गरी परिचालन गरिने छ।

६२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरी महिला तथा युवाहरुलाई प्रारम्भिक र उच्च जस्ता सीपमूलक व्यवसायिक तालिम प्रदान गरी उद्यमी सिर्जना गर्दै स्वरोजार बन्न अभिप्रेरित गरिने छ।

६३. लैङ्गिक समानता सामाजिक समावेसिकरण परिक्षण गरि प्राप्त नतिजालाई सुधार गरिनेछ ।

## रोजगारी तथा मानव संशाधन विकास

६४. गाउँपालिका क्षेत्र भित्र रहेका बेरोजगारहरुको सूची बनाई सामाजिक निर्माण कार्यमा परिचालन गर्ने गरी कार्य गरिने छ।

६५. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरुको साझेदारीमा विविध जनचेतनामुलक, विकास निर्माण, कृषि, पशुपालन जस्ता कार्यमा सहकार्य गरी स्थानीयबासीलाई संलग्न गराई परिचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

६६. Safer Migration Project (SaMi) कार्यक्रम मार्फत घ्याङलेख गाँउपालिका भित्र वैदेशिक रोजगारीको सिलसिलामा गई अलपत्र परेका नागरिकहरुको उद्धार गर्न सम्बन्धित निकायहरुमा पहल गरिनुका साथै मृत्यु भएका गाँउपालिकाभित्रका नागरिकहरुको शव घर ल्याउन विषेश पहल गरिनेछ।

६७. वैदेशिक रोजगारीको लागि पुनः श्रम स्वीकृति गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

६८. बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सूचनामा पहुँच, न्यायमा पहुँच, सीप तथा क्षमता अभिवृद्धि, मनोसामाजिक परामर्श सेवा र वित्तिय साक्षरता सम्बन्धी गतिविधिहरुलाई थप प्रभावकारी बनाउन संघिय सरकार र प्रदेश सरकार संग समन्वय र साझेदारीका लागि आवश्यक बजेट विनियोजन गरि कर्मचारी तथा रिटर्नी स्वयम सेवक परिचालन गरिने छ ।

## खेलकुद

६९. वडा नं. २ डुम्रे स्थित पालिका स्तरीय खेल मैदानको निर्माण तथा स्तरोन्नती गर्न आवश्यक बजेटको व्यवस्थापन गरी गाउँपालिका स्तरीय फुटबल, भलिबल लगायतका खेलकुद कार्यक्रमहरु संचालन गरिने छ ।

७०. युवाहरुलाई खेलकुदमा आकर्षित गर्न गाउँपालिका कप र राष्ट्रपति रनिङ्ग शिल्ड जस्ता खेलकुद प्रतियोगिताहरुलाई निरन्तरता दिइनेछ।

७१. विद्यालय तथा समुदायबाट खेलाडी पहिचान, सम्मान तथा क्लब दर्ता कार्यलाई निरन्तरता दिई अन्तर वडा स्तरीय प्रतियोगिता सञ्चालन गरिनेछ। खेलकुद प्रतियोगिताका माध्यमबाट घ्याङलेखलाई राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा पहिचान गराउने प्रयास गरिनेछ।

७२. खेलकुद विकास समितिलाई सुदृढ गर्दै पालिका स्तरीय विभिन्न विधागत खेलकुद कार्यक्रम संचालन गरिनेछ ।

## सामाजिक परिचालन

७३. लैंगिक तथा घरेलु हिंसा न्यूनिकरण गर्दै हिंसा रहित परिवार/समाज निर्माणका लागि मनोसामाजिक परामर्शकर्ताहरुको प्रभावकारी परिचालन गरिनेछ।

७४. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था र सहयोगी निकायहरुलाई गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा सामाजिक परिचालनको माध्यमबाट सामाजिक विकासमा संलग्न गराउने नीति अवलम्बन गरिनेछ।

**न्यायिक नीति**

७५. न्यायिक समितिलाई सवल र सक्षम बनाउँदै न्यायीक सम्पादनलाई प्रभावकारी बनाईनेछ।

७६. मेलमिलापलाई प्रभावकारी बनाउँदै लगिनेछ।

७७. वडा स्तरीय सामुदायिक मेलमिलाप कर्ताहरुलाई क्षमता अभिवृद्धिका लागि आधारभुत तालिम संचालन गरिनेछ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक नीति**

७८. महिला र पुरुषको समान कामको लागि समान ज्यालाको व्यवस्था गरिनेछ।

७९. महिलाहरुको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा २५ प्रतिशत छुट गरिनेछ।

८०. महिलाहरुको सशक्तिकरणका लागि आवश्यकता अनुसारका वृत्ति विकास, सीप विकास, क्षमता विकास लगायत रोजगार सिर्जना गर्ने क्षेत्रहरुमा विभिन्न कार्यक्रम संचालन गरिनेछ।

८१. बाल विवाह, बाल दुर्व्यसनी र बालश्रम विरुद्ध जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनुका साथै बालबालिकाहरुको हक, अधिकारका विषयमा विद्यालय स्तरमा श्रव्यदृश्य सामाग्रीहरुको माध्यमबाट जनचेतना अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८२. घ्याङलेख गाउँपालिका भित्र रहेका ७५ बर्ष माथिका जेष्ठ नगरिकहरुलाई हिडडुल गर्न सहज होस भन्ने उद्देश्यले लठ्ठि बितरण कार्यक्रम संचालन गरिनेछ ।

**(ख) आर्थिक विकास नीति**

**कृषि तथा पशुपालन:**

८३. कृषि क्षेत्रमा युवाहरुलाई आकर्षित र सम्मानित पेशाको रुपमा परिभाषित गर्न युवा लक्षित स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

८४. सार्वजानिक, बाँझो र ऐलानी जग्गाहरुको पहिचान गरी वडा कार्यालय र पालिकाको मातहतमा रहने गरी भौगोलिक सम्भाव्यताको आधारमा उत्पादन र उत्पादकत्व बृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८५. प्राकृतिक प्रकोप जस्तै बाढी, पहिरो, खडेरी र डुवान आदि विपदहरुमा किसानहरुलाइ क्षति पुर्ती राहतको लागि किसान विपद कोषको व्यवस्था गरिनेछ ।

८६. कृषि पेशालाई सम्मानित र प्रमुख पेशाको रुपमा अँगाल्दै कम्तीमा २० वर्ष खेती व्यवसाय गरेका किसानहरुलाई किसान पेन्सन कोषको व्यवस्थाको लागि पहल गरिनेछ ।

८७. किसानले उत्पादन गरेका उपजहरुको उत्पादनोपरान्त क्षतिलाई न्यूनिकरण गर्न र बजारीकरणलाई व्यवस्थित गर्न कृषि उपज संकलन केन्द्रको निर्माण र निर्माण भई सकेका वडा नं ४ को चौकीडाँडा र गोपे, वडा नं १ को सिम्ले गाउँमा रहेको लघु उद्यम भवन, वडा नं २ डुम्रेमा रहेको उद्यम भवनलाई कृषि उपज संकलन केन्द्रको रुपमा सञ्चालन र व्यवस्थापन गरिनेछ ।

८८. उत्कृष्ट कार्य गर्ने सहकारी, कृषक र कृषि समूहहरुलाई सम्मान र प्रोत्साहन पुरष्कार प्रदान गरिनेछ ।

८९. कृषि व्यावसाय गर्न इच्छुक किसानहरुलाई कर्जा प्रवाह गर्न बैंक र लघुवित्त सँग सहकार्य र समन्वय गरी सहुलियत ब्याज अनुदान प्रदान गर्न पहलकदमी गरिनेछ ।

९०. कृषि सेवा वा अनुदान प्राप्त गर्न किसानहरुलाई किसान परिचय पत्रलाई अनिवार्यता गरिनेछ ।

९१. कृषिलाई आधुनिकिकरण र व्यवसायीकरण गर्न कृषि सामाग्री र यन्त्र उपकरणहरु उपलब्ध गराईनेछ ।

९२. कृषि सेवालाई किसान मैत्री बनाउन प्रत्येक वडा कार्यालयहरुमा कृषि सेवा केन्द्रको विकास गरिनेछ ।

९३. भौगोलिक सम्भाव्यताको आधारमा विशेष बाली क्षेत्रहरु घोषणा गरी पकेट क्षेत्र विकास कार्यकमहरु सञ्चालन गरिनेछ ।

९४. कृषि एम्बुलेन्स सञ्चालन गरि कृषकहरुको उत्पादन बजारसम्म न्यूनतम शुल्कमा ढुवानि गर्ने व्यवस्था गरिनेछ ।

९५. अकबरे खोर्सानीको व्यावसायिक उत्पादन गर्ने कृषकहरुलाई आयआर्जन वृद्धि गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

## सहकारी नीति

९६. सहकारीका सञ्चालक र शेयर सदस्यहरुलाई तालिम र क्षमता प्रदान गरिनेछ ।

९७. सहकारीहरुलाई बाँझो जग्गाहरु उपलब्ध गराउन भाडामा सहुलियत प्रदान गरिनेछ ।

९८. उत्पादन र रोजगारी सिर्जना गर्ने सहकारीहरुलाई कर छुट वा सहुलियत ऋणका लागि सिफारिस गरिनेछ ।

९९. सहकारी मार्फत सामुहिक खेती कार्यक्रम सञ्चालन गरिनेछ ।

## उद्योग तथा गरिबी निवारण नीतिः

१००. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वातावरणमैत्री फाईबर झोला उत्पादन गरी प्लाष्टिक झोला मुक्त गाउँपालिका घोषणा  गरिनेछ । साथै स्कुल झोला उत्पादनलाई जोड दिई बजारीकरणको व्यवस्था गरिनेछ ।

१०१. स्थानीय ठाउँबाट उत्पादन भएका उत्पादकत्व सम्बन्धि तालिम सञ्चालन गरी प्याकेजिङ गरी विक्री वितरण गर्ने व्यवस्था मिलाईने छ ।

१०२. स्थानीय उत्पादन कोदो  र फापरको पिठो बनाई प्याकेजिङ गरी विक्री वितरण गरिनेछ ।

१०३. एक वडा एक उत्पादनको अवधारणा विकास गरी  एक घर एक उद्यम कार्यक्रम सञ्चालन गरिनेछ ।

१०४. स्थापना भइसकेका उद्यमी व्यवसायहरुलाई थप क्षमता विकास गरी सुदृढिकरण गरिनेछ।

१०५. उद्यमी व्यवसायहरुको  ज्ञान,सीप र क्षमता विकासको लागि अन्तरपालिका भ्रमणको व्यवस्था गरिनेछ ।

१०६. स्थानीय स्तरका सीपयुक्त उद्यमी जनशक्तिहरुलाई पालिका भित्रका सार्वजनिक संघ संस्था लगाएत अन्य कार्यालयहरुमा विद्युत जडान लगायत अन्य कार्यहरुमा काम गर्ने व्यवस्था गरिनेछ।

## पशुपन्छी तथा मत्स्य विकास नीति

### पशु स्वास्थ्य सेवा

१०७. पशुपन्छीलाइ स्वस्थ्य राख्न पशुपन्छीका रोगहरुको नियमित औषधी उपचार गरिने छ ।

१०८. पशुपन्छीमा देखिने संक्रामक रोगहरु फैलिएको वा पशुपालक कृषकहरुले माग गरेको स्थानमा एक दिने पशु स्वास्थ्य शिविर संचालन गरिने छ ।

१०९. गाँपालिकामा पशुपन्छीको आधारभूत प्रयोगशालाको स्थापना गरि सेवा प्रवाह गरिने छ ।

११०. पशुपन्छी रोगको डिजिज सर्भिलेन्स तथ्याङ्क संकलन, व्यवस्थापन र सम्प्रेषण गरिने छ ।

१११. महामारी, विपद् व्यवस्थापन र रोग नियन्त्रणका लागि आवश्यक औषधी तथा खोपको वफर व्यवस्थापन गरिने छ ।

११२. संघीय सरकार, प्रदेश सरकार तथा पशुपन्छी, वन्यजन्तु र माछा समेतको रोगको सम्बन्धित निर्दिष्ट ढाँचाको फर्मेटमा रिपोर्टिङ गरिने छ ।

११३. कुकुर बिरालोमा नियमित रेविज खोप सञ्चालन तथा सामुदायिक कुकुरहरुको संख्या कम गर्न भाले कुकुरहरुलाइ बन्ध्याकरण शिविर सञ्चालन गरिने छ ।

११४. विभिन्न रोगहरुको खोप कार्यक्रम सञ्चालन गर्न पशु सेवा कार्यालयसंग सहकार्य गरि खोपको भण्डारण तथा व्यवस्थापन गरिने छ ।

११५. गाउँपालिका भित्र समय आवश्यकता अनुसार पशुपन्छीको गणना तथा पशुपन्छी तथा मत्स्य संग सम्बन्धित उत्पादन र पशु आहाराको तथ्याङ संकलन र अध्यावधिक एवम सम्प्रेसन गरिने छ ।

११६. पशु विमा कार्यक्रम सञ्चालन गरिने छ ।

११७. दुध, अण्डा, मासुको उत्पादन उत्पादकत्व वृद्धि गर्न पशुपन्छीहरुमा नश्ल सुधार गरिने छ ।

११८. नयाँ नयाँ प्रविधिहरुको आदान प्रदानको लागि उत्कृष्ट अगुवा कृषक, कृषक व्यवसायी, उद्यमी तथा कर्मचारी, प्राविधिकहरुको अन्तरपालिका तथा  अन्तरजिल्ला भ्रमणका कार्यक्रमलाई कार्यक्रममा समावेश गरिने छ ।

११९. पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ ।

१२०. पशुपन्छी शाखाले अन्य नगर, गाँउपालिका, पशु सेवा कार्यालय, प्रदेश प्रयोगशाला, निर्देशनालय, प्रदेश तालिम केन्द्र, कृषि तथा पशुपन्छी विकास मन्त्रालय,  केन्द्रीय प्रयोगशाला लगाएतका सम्बन्धित निकायहरुमा आवश्यक समन्वय गरि पशुपन्छी पालनका विभिन्न कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार समन्वय गरिने छ।

१२१. पशु जन्य उत्पादकत्व बढाउन दानामा भएको उत्पादन लागत कम गर्न पोषिलो भुँइ तथा डाले घाँसको बिउ बिरुवाहरु कृषकको मागको आधारमा अनुदान सहयोगमा उपलब्ध गराइने छ ।

१२२. गाउँपालिकाबाट आगामि आ.व.मा कृषि बालिमा भएको बादर आतङ्कलाई मध्य नगर गर्दै बादर नियन्त्रणका कार्यक्रमहरुको थालनि गरिनेछ ।

## पर्यटन

१२३. पर्यटनको सम्भावना बोकेका क्षेत्रहरुको पहिचान गरी पर्यटन प्रवर्द्धन गर्ने कार्यको थालनी गरिनेछ।

१२४. लाखाङ गुम्बा, सातदोबाटो र फापरचुलीमा पर्यटन गतिविधि आकर्षित गर्ने कार्य प्रारम्भ गरिनेछ। पर्यटन संगै मनोरम चिया बगान स्थापनार्थ सम्भावना बोकेको क्षेत्रको पहिचान गरी अन्य निकायहरुको सहयोगमा शुरुवात गर्ने प्रयास गरिनेछ।

१२५. आन्तरिक पर्यटन प्रवद्र्धन गर्ने कार्यका लागि आवश्यक सूचना, पम्प्लेट, होर्डिङ बोर्ड निर्माण गरिनेछ। साथै सामाजिक सञ्जाल मार्फत व्यापक प्रचार प्रसार गरिनेछ।

१२६. नेपाल पत्रकार महासंघ सिन्धुलीसँग समन्वय गरी कृषि तथा पर्यटन प्रवर्द्धन पत्रकारिता तालिम कार्यक्रम संचालन गरिनेछ ।

### उद्योग तथा बाणिज्य

१२७. सिस्नुको पाउडर बनाउने उद्योगको स्थापना गर्न पहल गरिने छ।

१२८. उद्योग सम्बन्धी प्रशिक्षण तालिम प्राप्त व्यक्तिहरुको सूची तयार गरी अव उपरान्त हुने तालिममा सहभागी हुनेहरुलाई तालिम पश्चात उत्पादन गर्नै पर्ने शर्त राखी तालिममा सहभागी गराइनेछ।

१२९. उपभोक्ता हित संरक्षणको लागि विद्यालय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ। साथै बजार अनुगमन कार्यलाई प्राथमिकताका साथ कार्यान्वयनमा लगिनेछ।

१३०. व्यापार व्यवसाय दर्ता गर्ने, कर तिर्ने, जनताको कर जनताकै लागि हो भन्ने भावनालाई अभियानको रुपमा संचालन गरिनेछ।

१३१. करदातालाई सहजरुपमा कर भुक्तानी गर्न प्रविधिमैत्री कर प्राणालीको अवलम्बन गरिनेछ।

१३२. घरजग्गा बहाल कर लिदा क्षेत्र निर्धारण र प्रयोजन हेरि करको दरमा हेरफेर गरिनेछ।

## (ग) वन, वातावरण तथा विपद् ब्यवस्थापन सम्बन्धि नीति

### वन वातावरण तथा जलवायु परिवर्तन

१३३. “सफा, सुन्दर, हरियालीयुक्त घ्याङलेख” को अवधारणा अनुरुप यस क्षेत्रमा रहेका मुख्य मार्ग र अन्य सडकको दायाँ वायाँ बृक्षारोपण गरी हरित सडकको रुपमा विकास गरिने छ।

१३४. बालमैत्री, अपांगमैत्री, वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ, हरित पालिकाको अवधारणा अनुरुप पार्क निर्माण, विकास र प्रवर्ध्दनमा जोड दिईनेछ।

१३५. अन्य सरकारी तथा गैह्र सरकारी संघ संस्था तथा टोल विकास संस्थासँग सहयोग तथा समन्वय गरी वन, वातावरण, भू–संरक्षण तथा जलवायू परिवर्तन सम्वन्धमा जनचेतनामूलक तथा संरक्षणमुखी विविध कार्यक्रम संचालन गरिनेछ।

## विपद् व्यवस्थापन

१३६. विपदपूर्व तयारी कार्यको लागि प्रतिकार्य योजनाको कार्यान्वयनमा प्राथमिकता दिईने छ ।

१३७. विपदबाट हुने धनजनको क्षतिलाई उचित राहतको व्यवस्था तत्कालै मिलाईनेछ।

१३८. स्थानीय विपद व्यवस्थापन, जिल्ला विपद व्यवस्थापन, प्रदेश विपद व्यवस्थापन, संघीय विपद व्यवस्थापन र राष्ट्रिय विपद जोखिम न्यूनिकरण प्राधिकरणसँग समन्वय गरी विपदलाई न्यूनिकरण गर्न प्राथमिकता दिईनेछ।

## घ) पूर्वाधार विकास नीति

## सडक

१३९. सोलाभञ्ज्याङ चौकीटार बेलबोट हुँदै रामपुर सम्म जाने सडकलाई बाह्रै महिना संचालन गर्नको लागि प्रदेश सरकारको सहकार्यमा स्तर उन्नति गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१४०. सिम्लेपुल देखि सोलाभञ्ज्याङ हुँदै रामपुरसम्म कालोपत्रे सडक निर्माण गर्ने कार्य समयमा नै सम्पन्न गर्न/गराउन विशेष जोड दिईने छ । यसरी घ्याङलेखलाई वि.पि राजमार्गसंग जोड्दा यस क्षेत्रको उत्पादन, व्यवसाय तथा जनताको जिवनस्तरमा ठुलो परिवर्तन आउने अपेक्षा लिइएको छ।

१४१. रामपुर रामभेँडे हुँदै वि.पि राजमार्ग जोड्ने सडकलाई वाह्रै महिना संचालन हुने गरी स्तर उन्नति गरिनेछ साथै संघ र प्रदेश सरकारको सहयोगमा कालोपत्रे गर्न सहकार्य गरिनेछ। साथै रामपुरबाट मरिण जोडने मार्गको स्तरोन्नती गर्न विशेष पहल गरिनेछ।

१४२. यस गाउँपालिकाले निर्माण गरेको यातायात गुरुयोजना तथा संघ र प्रदेश सरकारको नीति अनुसार साँघुरो सडकलाई विस्तार तथा स्तरउन्नति गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

१४३. भौतिक पूर्वाधार खडा गर्दा बालबालिका, महिला, अपाङ्ग र वातावरणमैत्रि संरचना निर्माणमा जोड दिइनेछ।

१४४. हरेक वडामा दक्ष डकर्मी/सिकर्मी तालिम दिने तथा दक्ष डकर्मी/सिकर्मीहरुको वडास्तरीय सूचि बनाई तालिम प्राप्त डकर्मी/सिकर्मीहरुबाट सार्वजनिक निर्माण गराउने कार्यको थालनी गरिनेछ।

१४५. उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरि वडास्तरमा नै सम्झौता गराउने, ५ लाख भन्दा मुनिका योजनाहरु वडास्तरबाटै अनुगमन मुल्याङ्कन तथा भुक्तानीका लागि सिफारिस गर्ने कार्यलाई निरन्तरता दिइनेछ। उपभोक्ता समिति मार्फत हुने सबै कार्य जेष्ठ मसान्त भित्रै सम्पन्न गर्नु पर्ने नीतिगत व्यवस्था मिलाईनेछ।

१४६. भौतिक पुर्वाधारका निर्माण कार्यलाई कागजात बिहिन (Online) पद्धतिबाट संचालन हुने व्यवस्था मिलाइनेछ।

१४७. भौतिक पुर्वाधारहरुको गुणस्तरीय परिक्षणको लागि हरेक योजनाको कम्तिमा २ पटक भौतिक रुपमा अनुगमन तथा प्रयोगशाला परिक्षणको लागि आवश्यक औजार उपकरणको प्रबन्ध मिलाईनेछ।

१४८. गाँउपालिकाको प्राथमिकतामा परेका सार्वजनिक निर्माणका कार्यहरुको डि.पी.आर. गर्ने कार्यलाई निरन्तरता दिई सो अनुरुप प्रदेश सरकार र संघीय सरकारको सहयोगमा सार्वजनिक निर्माण कार्यमा सहकार्य गरिनेछ ।

१४९. गाउँपालिका मुख्य बजारक्षेत्र तथा आवश्यक स्थानहरुमा प्रतिक्षालय निर्माण गरिनेछ ।

१५०. गाउँपालिकास्तरीय मर्मत सम्भार कोष खडा गरिनेछ।

## सिचाई

१५१. घ्याङलेख गाउँपालिका भित्र निर्माण भएका सिंचाई आयोजनाहरुलाई मर्मत गरि संचालनमा ल्याईनेछ। साथै आवश्यकतामा आधारित सिंचाई कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ।

१५२. गाउँपालिका क्षेत्रभित्र रहेका पानीका मुहानहरुको उचित संरक्षण र प्रवर्द्धन गर्नुका साथै सिंचाई र खानेपानीको लागि सम्भाव्यता अध्ययन गरी लिफ्ट प्रणाली प्रयोगको सुरुवात गरिनेछ।

१५३. गाउँपालिका भित्रका मुख्य कृषि योग्य जमिनहरुमा सम्भाव्यताका आधारमा साना सिंचाई, कुलो, सिंचाइ पोखरी आदिको निर्माण तथा मर्मत गरी सिंचाई सुविधा प्रवाह गर्न सम्बन्धित निकायमा पहल गरिनेछ।

१५४. वृहत सिंचाई योजनाका लागि सम्भाव्यता अध्ययन, डि.पि.आर. तयारी र निर्माणका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

### भवन तथा सहरी विकास

१५५. राष्ट्रिय भवन आचारसंहिता तथा भवन निर्माण सम्बन्धी मार्गदर्शन बमोजिम गाउँपालिका भित्र भवन निर्माणको लागि नक्सा पास अनिवार्य गरिनेछ। साथै नक्सापासको लागि निःशुल्क परामर्श सेवा उपलब्ध गराइनेछ।

१५६. गाउँपालिका भित्रको घरहरुको अभिलेखिकरण कार्यलाई निरन्तरता दिइनेछ।

१५७. गाउँपालिका भित्र निर्माण गरिने सबै प्रकारका पक्की भवनहरुलाई अनुगमन गरि सुरक्षित आवासमा जोड दिइनेछ।

१५८. गाउँपालिकाका हायुटार, रामपुर र चन्दनपुर बजारलाई व्यवस्थित नमुना शहरको रुपमा विकास गर्न प्रदेश र संघीय सरकारसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ।

१५९. भु–उपयोग बमोजिम स्थानीय भु–उपयोग परिषद गठन गरि गाँउपालिका भित्र रहेका जग्गाहरुको भु–उपयोग क्षेत्र वर्गीकरण गरि लागु गरिनेछ ।

### व्यवस्थित वस्ती विकास

१६०. समुदायको अग्रसरतामा गरिने बस्ती विकासलाई प्रोत्साहित गर्न प्राविधिक सहयोग प्रदान गरिनेछ।

१६१. व्यवस्थित बस्ती विकासका लागि छुट्टै गुरु योजना बनाई लागू गरिनेछ।

१६२. एकिकृत जग्गा विकास योजना तयार गर्न पहल गरी भूमिलाई आवास क्षेत्र, औधोगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू–उपयोग गर्ने नीति लिईने छ।

१६३. विभिन्न धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्वका स्थान तथा सम्पदाहरुको मौलिक तथा प्राचीन नामहरुको खोजी गरी तिनको पुनस्र्थापना गर्ने, आधिकारिक नामाकरण हुन बाँकी टोल, बस्ती, सडक, मार्ग, चोक, भवन, स्मारकहरुको नामाकरण गर्ने र अन्य निकायबाट नामाकरण गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था मिलाईनेछ।

### विद्युत तथा वैकल्पिक उर्जाः

१६४. गाउँपालिका क्षेत्र भित्र रहेका मुख्य मुख्य वस्तिहरुमा सडक बत्ती जडान कार्यलाई निरन्तरता दिईने छ।

१६५. गाउँपालिका भित्र विधुतीकरण हुन बाँकी रहेका क्षेत्रमा विद्युत पुऱ्याउनको लागि विशेष पहल गरिनेछ।

## (ङ) संस्थागत विकास, सेवा प्रवाह तथा वित्तीय सुशासनः

## संस्थागत विकास र सेवा प्रवाह

१६६. गाउँपालिकाले निर्माण गरेका कानूनहरुलाई समसामयिक परिमार्जन गरि सेवा प्रवाहमा चुस्तता ल्याइनेछ। साथै आवश्यक थप कानून निर्माण गर्नको लागि विशेष पहल गरिनेछ।

१६७. गाउँपालिकालाई गाउँपालिकाको कार्य प्रकृति, कार्यबोध र औचित्यको आधारमा आवश्यक पर्ने जनशक्ती आँकलन गरी कार्य विवरण तथा कार्य विश्लेषणका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि समयानुकुल बनाईनेछ।

१६८. गाउँपालिका मातहत कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्नका लागि सामुहिक जीवन विमा, दुर्घटना विमा तथा स्वास्थ्य विमा गर्ने गरी व्यवस्था मिलाईनेछ।

१६९. वडा कार्यालय, स्वास्थ्य चौकी र सार्वजनिक विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी समेतको सहभागितामा अन्तरपालिका अवलोकन भ्रमणलाई निरन्तरता दिईने छ। यस्तो अवलोकन भ्रमणका क्रममा भ्रमणदलका सदस्यहरुले देखेका राम्रा र सकारात्मक पक्षहरु समेटिएको र तत्कालै गर्न सकिने सुधारका क्षेत्रहरुको पहिचान गरि त्यस्तो प्रतिवेदन गाँउपालिकामा बुझाउनु पर्ने अनिवार्य व्यवस्था गरिनेछ। यसरी प्राप्त सुझावहरुलाई क्रमश कार्यान्वयनमा लगिनेछ।

१७०. गाउँपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुको उच्च मनोबल राख्नको लागि पदिय जिम्मेवारी एव तह अनुसार सञ्चार खर्च, आवास सुविधाको व्यवस्था मिलाईनेछ ।

१७१. पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागी तालिमको आवश्यकता पहिचान (Training Needs Assessment TNA) गरी आवश्यकता र औचित्यताको आधारमा व्यवस्था मिलाईनेछ।

१७२. यस पालिकाको महत्वपूर्ण शाखाहरुमा शाखा प्रमुख स्थायी कर्मचारीको व्यवस्थापन गरी सेवा प्रवाहलई चुस्त दुरुस्त बनाईनेछ।

## आर्थिक सुशासन/वित्तीय सुशासनः

१७३. गाउँपालिका क्षेत्रभित्र राजस्व अभिवृद्धि गर्ने कार्यका लागि विशेष कार्यदल बनाएर राजस्व प्रक्षेपण कार्यलाई सुधार गरिनेछ।

१७४. जनप्रतिनिधि, कर्मचारी समेतलाई सार्वजनिक खरिदका कानूनी प्रक्रिया, व्यवहारिक विषय लगाएतका विषयमा सघन प्रशिक्षण कार्यक्रमको व्यवस्था मिलाइनेछ।

१७५. गाउँपालिका भित्र महालेखा परिक्षकको कार्यालयले औलाएका बेरुजुमा लगत कट्टा गर्ने तथा बेरुजु फछ्र्यौट गर्न विशेष कार्यदल बनाइनेछ। साथै आगामी आर्थिक वर्षमा बेरुजु न्यूनिकरण गर्न आवश्यक प्रशिक्षण कानूनी सुझाव तथा क्षमता अभिवृद्धि कार्य गरिनेछ।

१७६. आन्तरिक नियन्त्रण प्रणाली तयार गरी अनावश्यक फजुल खर्च हटाउने, खर्चलाई नतिजा सँग आवद्धता गरिने तथा सार्वजनिकीकरण गरिने कार्यलाई विशेष प्राथमिकता दिइनेछ।

१७७. गाउँपालिका भित्र संचालित विकास निर्माण तथा सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, मासिक समीक्षा गर्ने, भए गरेको कार्यहरुको वडास्तर र गाउँपालिका स्तरमा आवधिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिने छ।

१७८. गाउँपालिका र अन्त्रगतका वडा र स्वास्थ्य संस्थाहरुले गरेका खर्चको विश्वसनीयता, औचित्यता र प्रभावकारीता समेतको परीक्षण गर्न तेस्रो पक्षबाट (स्वतन्त्र संस्था वा निकाय) सामाजिक परीक्षणको व्यवस्था मिलाईनेछ र त्यस्तो परीक्षण प्रतिवेदन सार्वजनिकीकरण गरिनेछ।

## सूचना, प्रविधि तथा संचारः

१७९. दुरसञ्चार शिक्षा, प्रविधिमैत्रि अनुगमन तथा अनलाईन मार्फत सेवा प्रवाह गरिने व्यवस्थाको सुरुवात गरिनेछ।

१८०. गाउँपालिकाको आफ्नै सरभर स्थापना गरेर तथ्याङ्क एकिकृत रुपमा राख्ने कार्यको लागि अन्य निकाय सँग सहकार्य सहयोग स्थापना गरिनेछ।

१८१. नेटवर्क प्रणालीको स्थापना गरी गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुलाई अन्तर आबद्ध गरिनेछ।

१८२. गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित गर्न स्मार्ट अन्तरक्रियात्मक हेल्पडेस्क तथा डिजिटल नागरिक वडापत्र जडान गरी संचालन गरिने छ ।

१८३. कार्यालयमा Paperless, faceless र Cashless को अवधारणा साथै IT Base सेवा प्रवाहलाई सुदृढीकरण गर्न E-Governance को अवधारणालाई कार्यान्वयन गर्दै लगिनेछ।

## अन्त्यमा,

प्रस्तुत नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष एवं परोक्ष रुपमा अमूल्य सुझाव सल्लाह दिनु हुने र सहयोग पुर्‍याउनु हुने नेपाल सरकार, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बागमती प्रदेश सरकार, संघीय एवं प्रदेश माननीय सदस्यज्यूहरु, बजेट तथा

कार्यक्रम तर्जुमा समितीका पदाधिकारीहरु, सबै गाउँसभा सदस्यज्यूहरु, राजनीतिक दलका स्थानिय प्रमुख एवं प्रतिनिधीज्यूहरु, विषयगत समितिका पदाधिकारीहरु, विषयगत शाखाका कर्मचारीहरु, उद्योगी व्यवसायी, बुद्धिजिवी, नागरिक समाज, शिक्षक, अपाङ्ग, दलित, सीमान्तकृत, संचारकर्मी र सरोकारवाला लगायत सम्पूर्ण घ्याङलेखवासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। प्रस्तुत नीति तथा कार्यक्रम पारित गर्न सम्पूर्ण गाउँसभा स दस्यहरुसँग सहयोगको अपेक्षा गर्दछु।

**धन्यवाद ।**

**जगत बहादुर भोलन**
**गाउँपालिका अध्यक्ष**
**घ्याङलेख गाउँपालिकाको कार्यालय**
**हायुटार, सिन्धुली**
**२०८३।०३।१०**